जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक ९५ | २०७८ साल कात्तिक २२ गते सोमबार (8 Nov. 2021 Monday) | मूल्य रु. ५/-

२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म हुने

**राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।**

कोही नछुटौं, कोही नदोहरिऔं ।

बसोबास गरेकै ठाँउबाट आफ्नो विवरण लेखाऔं ।

घर घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : एमालेमा ३३ प्रतिशत अनिवार्य... ३ पृष्ठमा : गौतमबुद्ध विमानस्थलमा... ३ पृष्ठमा : इन्धन बोकेको टयाङ्कर..

# राष्ट्र पर्व छठको तयारी सुरु



**दैनिक समाचारदाता**
**राजविराज, २१ कात्तिक ।**

राष्ट्र पर्वको रुपमा विकसित हुँदै गएको साझा पर्व "छठ पर्व" आजदेखी विधिवत् रुपमा सुरु भएको छ । हरेक वर्ष दशैं, दिपावली लगत्तै छठ पर्व मनाइन्छ ।

सुरुमा तराइवासीहरूले मात्र मनाउने छठ पर्व अहिले अन्य जातजाति एवं पहाडी क्षेत्रमा समेत मनाउन थालेपछि यस पर्वलाई साझा पर्वको रुपमा मनाउन थालिएको हो ।

गत दुई वर्ष कोरोना महामारीको त्रासका बीच खुल्ला रुपमा मनाउन नपाएका छठ पर्व यस पटक कोरोनाको त्रास केही कम भएपछि जलाशयमै गएर पर्व मनाउने तयारीमा स्थानियहरु जुटेका छन् ।

अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ दिएर मनाउँने चार दिवसीय छठ पर्व सोमबार नहाई खाई बिधीबाट बिधिवत सुरु भएको छ । मंगलबार पर्वको दोश्रो दिन ब्रतालुहरुले खरना गर्दैछन् ।

विभिन्न ठाउँका जलासयमा छठ पर्वका लागि सरसफाई, घाँट बनाउने र सजाउने काम तिब्र रुपमा अघि बढेको छ । बजारमा छठी मईयाको महिमा समेटिएको गित गुन्जिन थालेको छ भने छठ पर्व मनाउन स्थानियवासी आवश्यक सामाग्रि किन्न हटिया तथा बजारतर्फ भिड लागेका छन् । ग्रामिण क्षेत्रका बजारमा समेत चहलपहल निकै बढेको छ ।

राजविराजस्थित भगवति मन्दिरको पोखरी, कल्टु दास पोखरी, सकलदेव दास पोखरी, तुरन्ती पोखरी तथा जिल्लाको कंचनपुर, भारदह, हनुमाननगर, रुपनी, कल्याणपुर सहितको दर्जनौ ठाउँमा घाट बनाएर भव्यतापूर्वक पूजापाठ गर्ने तयारी गरिदै छ । यता भारदहस्थित कोशी व्यारेजमा सप्तरी, सुनसरी, सिरहासहित सीमावर्ती भारतीय गाउँबाट समेत आएर श्रद्धालुहरुले छठका लागि स्थान ओगट्दै छन् ।

छठघाटको सरसफाईमा विभिन्न जलाशयमा सेना, प्रहरी र जनप्रतिनिधिले सहयोग गरिरहेका छन् । यस पल्ट सोमबार नहाय खाय विधिबाट चार दिवसीय छठ पर्व सुरु हुँदैछ ।

यता जिल्ला प्रशसन कार्यालय र जिल्ला प्रहरी कार्यालयले कोरोनाको जोखिम कायमै रहेको भन्दै भिडभाड नगरि स्वास्थ्य सुरक्षाका मापदण्ड तथा भौतिक दुरी कायम गरि छठ पर्व मनाउन सर्वसाधारणसँग अपिल गरेको छ ।

यस्तै हरेक छठघाट पूजा स्थलमा आवश्यक सुरक्षा व्यवस्थाका लागि विभिन्न रणनीति तयार गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

छठ पर्वको विशेषता, लोकप्रियता र सबै माझ साँझा हुँदै जाँदा नेपाल सरकारले एक दिने सार्वजनिक विदा दिने निर्णय गरेको छ भने प्रदेश २ सरकारले छठ पर्वको अवसरमा दुई दिने विदा दिने निर्णय गरेको छ ।

# महादेव मन्दिर परिसरको इनारमा सर्प



**दैनिक समाचारदाता**
**राजविराज, २१ कात्तिक ।**

राजविराज ७ स्थित हरिनन्देश्वर महादेव मन्दिरमा दुई दिनदेखी एक सर्प देखा परेको छ ।

मन्दिर परिसरमा रहेको इनार भित्र करिब १०/११ फिट लामो र ४/५ इन्ची मोटाई भएको गोमन सर्प दुई दिनदेखि देखिएको हो ।

शनिवार राती केही हलचल महशुस भएपछि टर्च बालेर उक्त इनारमा हेर्दा सर्प तैरिरहेको देखेको मन्दिरका पुजारी महेश्वर भारतीले बताए । मन्दिर परिसरमा रहेको उक्त इनार विगत १० वर्ष देखी प्रयोग विहीन अवस्थामा रहेको छ । *बाँकी अन्तिम पृष्ठमा*

**सञ्चार साथी परिवार प्रा.लि.**
**को**
**खारेजी (लिक्वीडेशन)**
**सम्बनधमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ वमोजिम मिति:२०६२।०३।२८ मा दर्ता भएको प्रा.लि.नं. ३५१७९/०६१/०६२ को सञ्चार साथी परिवार प्रा.लि.लाई खारेजी ( लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मिति: २०७८।०६।१५ गतेको विशेष वैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋन, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमान सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय का.जि.का.म.न.पा थापागाउँमा सम्पर्क राख्न हुन सम्बनिध्त सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

SANJAY KUMAR SAH
Liquidator
Lic No. 391
Liquidator

संजय कुमार साह
लिक्वीडेटर
इजाजत पत्र नं.३९१
मो.नं. ९८४१४४९३३८
email id- advsanjay200@gmail.com




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

### लौकाको मुल्य ३ सय ५० !

चाड पर्व अन्तरगत अन्तिम पर्व छठ पर्वको पूर्वसन्ध्यामा अहिले सप्तरीमा तरकारीको मुल्यमा अधिक्तम बृद्धि भएको छ । छठ पर्व अन्तरगत नहाई खाईको दिन महत्वपूर्ण मानिने लौकाको मुल्य जिल्लामा कहिले नसुनेको २ देखी ३ सय ५० प्रति गोटा रहेको छ । अन्य दिन लौकाको मुल्य सामान्यता ५० देखी १ सय सम्म रहेकोमा एक्कासी बृद्धि भएपछि उपभोक्ताहरु चकित भएका छन् ।

यसरी लौकामा भएको मुल्य बृद्धिले राजविराज हटिया बजारको सबै रेकर्ड समेत तोडेको छ । यो अस्वभाविक मुल्य हो । यसले तरकारी व्यापारीहरुको मनोमानी बढेको छ । आफ्नो खुशी मुल्य बृद्धि गरेर उपभोक्तालाई बाध्य पार्ने काम गरेको छ । छठ जस्तो पर्वमा लौकाको महत्वको फाइदा उठाएर गर्ने मनोमानीप्रति अनुगमन समिति निकम्मा बनेको छ । नाम मात्रको अनुगमन गरेर अन्य बेला जनतालाई देखाउने काम मात्र गरेको अनुमगन समितिले चाहिने बेला अनुमगन र मुल्य नियन्त्रणतर्फ ध्यान दिन नसकेको यस्ता समितिको औचित्य प्रति प्रश्न चिन्ह समेत खडा भएको छ ।

चाड पर्वको समयमा तरकारीको मुल्यलाई नियन्त्रण गर्नेतर्फ गम्भिर ध्यान पुऱ्याउनु आवश्यक छ । एक त चाड पर्वमा खर्च बढी हुने त्यसमा पनि तरकारीमा मुल्य बृद्धिले झनै उपभोक्ताको ढाड सेकिन्छ । तसर्थ यस्ता क्रियाकलाप प्रति बजार अनुगमन समिति समेतको गम्भिर ध्यान पुग्नु आवश्यक छ भने तरकारीको ठेकेदार भन्ने व्यवसायीहरु पनि उपभोक्ताको बजेटलाई ध्यानमा राखि सहुलियत दर तोक्नु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# एमालेमा ३३ प्रतिशत अनिवार्य महिला प्रतिनिधित्वको सन्देश

काठमाडौं, २१ कात्तिक (रासस) ।

नेकपा (एमाले) ले प्रारम्भिक कमिटीदेखि केन्द्रीय कमिटीसम्म न्यूनतम् ३३ प्रतिशत महिलासहित मुलुकको सामाजिक र वर्गीय विविधताको प्रतिनिधित्व सुनिश्चित गरेपछि सकारात्मक सन्देश प्रवाह भएको छ ।

एमालेको गत असोज १५ देखि १७ गतेसम्म ललितपुरमा भएको प्रथम महाधिवेशनबाट संशोधित विधानबमोजिम सबै तहका कमिटीका पदाधिकारीमा एक महिला र कार्यसमितिमा एक तिहाइ महिलाको प्रतिनिधित्व गराउन थालिएको छ ।

सो पार्टीले आशन्न दशौं राष्ट्रिय महाधिवेशनका लागि एक तिहाइ महिला प्रतिनिधि र केन्द्रीय कमिटीमा सोही अनुपानमा अनिवार्य प्रतिनिधित्व गराउने निश्चित भएको छ । एमालेले यही कात्तिक ६ गते वडा र ९ गते पालिकास्तरमा अधिवेशनका लागि मिति तय गरेकामा अधिकांशमा नयाँ नेतृत्व चयन हुँदा विधानको उक्त व्यवस्था कार्यान्वयन भएको छ । बाँकी रहेका अधिवेशन यही कात्तिक २५ गतेभित्र सम्पन्न गरिसक्ने तयारी छ भने दशौं महाधिवेशन आगामी मङसिर १० गतेदेखि १२ गतेसम्म चितवनमा हुँदैछ ।

नेपालको संविधानले राज्यका हरेक संरचनामा न्यूनतम् एक तिहाइ महिलाको प्रतिनित्वि सुनिश्चित गरेपछि राजनीतिक दलको विधानमा व्यवस्था गरी यसको कार्यान्वयन गर्नेमा सम्भवतः एमाले पहिलो पार्टी बन्दैछ । एमालेका केन्द्रीय सदस्य एवं केन्द्रीय प्रचार विभागका उपप्रमुख सूर्य थापाले राज्यका सबै तहमा ३३ प्रतिशत अनिवार्य महिलाको व्यवस्था विश्वका ठूला र विकसित भनिएका संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य बेलायतजस्ता मुलुकमा पनि प्रबन्ध नभएको स्मरण गराउनुभयो ।

नेता थापाले राससँग कुरा गर्दै भन्नुभयो, "संविधानमा भएको व्यवस्थालाई पार्टीका हिसाबले हामीले थालनी गर्दछौं । सामाजिक वस्तुस्थितिको पुनःसंरचनाका दृष्टिले यो कोशेढुङ्गा हो । यसलाई क्रमशः बढाएर ५० प्रतिशतसम्म लैजाने पार्टीको सोच रहेको छ । यसले गर्दा समाजका सबै वर्गमा पार्टीप्रति सकारात्मक सन्देश पैदा भएको छ र अरु पार्टीका लागि पनि यो अनुकरणीय हुन सक्छ ।"

विसं २०६२/०६३ को लोकतान्त्रिक जनआन्दोलनबाट पुनःस्थापित संसद्मा राज्यका हरेक संरचनामा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व अनिवार्य हुनुपर्ने सङ्कल्प प्रस्ताव एमालेका तत्कालीन नेत्री एवं वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीले राख्नुभएको थियो । उक्त प्रस्ताव पारित भएपछि त्यसले संविधानः प्रबन्धका लागि सहजीकरण गरेको थियो ।

एमालेको वाग्मती प्रदेश कमिटीका सदस्य वृन्दा ढुङ्गानाले पार्टी विधानको उक्त व्यवस्थाले महिलाहरुमा नेतृत्वका लागि उत्साह थपेको बताउँदै अब पार्टीको सङ्गठित सदस्यता पनि ३३ प्रतिशत महिला पुऱ्याउने गरी लागिने जनाउनुभयो । ढुङ्गानाले आफ्नो गृह जिल्ला नुवाकोटको लिखु गाउँपालिकाको अधिवेशनले कमिटीको अध्यक्षमा महिला प्रतिनिधि दुर्गा पुडासैनी निर्वाचित भएको र अधिकांश वडा तहमा विधानबमोजिम महिला प्रतिनिधित्व भएको जानकारी दिनुभयो ।

एमालेले दशौं महाधिवेशनका लागि प्रदेश र सो सरहका कमिटीका पदाधिकारी र सदस्यमध्येबाट कम्तीमा दुई महिलासहित पाँच जना दरले निर्वाचित प्रतिनिधि हुने व्यवस्था गरेको छ । प्रतिनिधिसभा निर्वाचन क्षेत्रअन्तर्गतका एक हजार २०० सम्म पार्टी सदस्यमध्येबाट कम्तीमा एक महिलासहित तीन जना, सो सङ्ख्यामा ८०० सम्म सदस्य थप भएमा थप एक जना, एक हजार ६०० सम्म सदस्य थप भएमा थप दुई जना, दुई हजार ४०० सम्म सदस्य थप भएमा कम्तीमा एक महिलासहित तीन जना र सोभन्दा बढी भएमा सोही अनुपातमा प्रतिनिधि तथा तीन जना प्रतिनिधि निर्वाचित हुँदा कम्तीमा एक महिला अनिवार्य गर्न सर्कुलर गरिएको छ ।

महाधिवेशनले एक तिहाइ महिलासहित नेपालको सामाजिक र वर्गीय विविधताको प्रतिनिधित्व हुने गरी २२५ सदस्यीय केन्द्रीय कमिटी निर्वाचित गर्नेछ । महाधिवेशनका प्रतिनिधिको निर्वाचन आगामी कात्तिक २७ गते देशैभरि एकसाथ देहायबमोजिम गरिने जनाइएको छ ।

देशभित्रका विशेष जिल्लाअन्तर्गतका एक हजार २०० सम्म पार्टी सदस्यमध्येबाट कम्तीमा एक महिलासहित तीन जनाका दरले निर्वाचित प्रतिनिधि हुनेछन् । सो सङ्ख्यामा ८०० सम्म सदस्य थप भएमा थप एक जना, एक हजार ६०० सम्म सदस्य थप भएमा थप दुई जना, दुई हजार ४०० सम्म सदस्य थप भएमा कम्तीमा एक महिलासहित तीन जना र सोभन्दा बढी भएमा सोही अनुपातमा निर्वाचित प्रतिनिधि हुनेछन् । तीन जना प्रतिनिधि निर्वाचित हुँदा कम्तीमा एक जना महिला अनिवार्य हुनेछन् ।

देशभित्रका जिल्ला र विशेष जिल्लाअन्तर्गतका ५०० सम्म दलित पार्टी सदस्यमध्येबाट निर्वाचित हुने एक जना प्रतिनिधि र सो सङ्ख्यामा ५०० सम्म सदस्य थप भएमा थप एक जना, एक हजारसम्म सदस्य थप भएमा थप दुई जना, एक हजार ५०० सम्म सदस्य थप भएमा कम्तीमा एक महिलासहित तीन जना र सोभन्दा बढी भएमा सोही अनुपातमा दलित प्रतिनिधि निर्वाचित हुनेछन् । तीन जना प्रतिनिधि निर्वाचित हुँदा कम्तीमा एक जना महिला अनिवार्य हुनेछन् ।

भूगोलका प्रदेशअन्तर्गतका मजदूर पार्टी सदस्यमध्येबाट कम्तीमा तीन महिलासहित सात जनाका दरले निर्वाचित हुने प्रनितनिधि, भारत, अमेरिका (क्यानडासमेत), युरोप, एशिया प्यासिफिक, खाडी र ओसियानामध्ये प्रत्येकका पार्टी सदस्यबाट कम्तीमा दुई महिलासहित पाँच जनाका दरले निर्वाचित हुने प्रतिनिधिलाई आधार मानिनेछ ।

पार्टीका केन्द्रीय विभाग र केन्द्रीय कार्यालयअन्तर्गत पार्टी सदस्यबाट निर्वाचित हुने कम्तीमा दुई महिलासहित पाँच जना प्रतिनिधि रहने छन् । विभागका सचिव र सदस्यहरू विभाग र केन्द्रीय कार्यालय वा आफ्नो पार्टी सदस्यता कायम रहेको मध्ये कुनै एक स्थानबाट उम्मेदवार बन्न सक्नेछन् । स्वदेशका २२ जनसंगठनका केन्द्रीय कमिटीमा कार्यरत पार्टी सदस्यबाट कम्तीमा दुई महिलासहित पाँच जनाका दरले निर्वाचित प्रतिनिधि गरी कूल एक हजार ९९९ प्रतिनिधि रहनेछन् ।

महाधिवेशनको मूल व्यवस्थापन समितिको कार्यालय भरतपुरस्थित जिल्ला पार्टी कार्यालयमा अध्यक्ष केपी शर्मा ओलीले यही कात्तिक १५ गते सम्पर्क कार्यालय शुभारम्भ गरिसक्नुभएको छ ।

# राप्रपाको ६५ जिल्लामा अधिवेशन सम्पन्न

काठमाडौं, २१ कात्तिक (रासस) ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले ६५ जिल्लामा पार्टीको अधिवेशन सम्पन्न गरेको छ । आगामी मङ्सिर ११ देखि १३ गतेसम्म काठमाडौंमा हुन लागेको पार्टीले केन्द्रीय महाधिवेशनलाई दृष्टिगत गरी जिल्ला अधिवेशन जारी राखेको छ । जिल्ला अधिवेशन कात्तिक २३ गतेभित्र सम्पन्न गर्न पार्टीको केन्द्रीय निर्वाचन समितिलाई जिम्मेवारी दिइएको केन्द्रीय सदस्य सुन्दर पाण्डेले जानकारी दिनुभयो ।

तेह्रथुम, सङ्खुवासभालगायत केही जिल्लामा प्रतिनिधि छनोटका विषयमा विवाद छ । पर्सा, स्याङ्जा, महोत्तरी र गोरखामा सम्पन्न अधिवेशनमा विवाद उत्पन्न भएपछि केन्द्रीय निर्वाचन समितिले विवाद समाधान गरेको थियो ।

पार्टीले पहिलो पटक सक्रिय सदस्यबाट प्रतिनिधि छनोट गर्ने व्यवस्था गरेको छ । यसअघि क्षेत्रीय तथा स्थानीय समितिबाट प्रतिनिधि छनोट गर्ने व्यवस्था थियो । प्रदेश र क्षेत्रीय समितिका अध्यक्ष, महानगर, उपमहानगर, नगर र गाउँपालिकाका अध्यक्ष पदेन सदस्यका रुपमा महाधिवेशन प्रतिनिधि हुन पाउने व्यवस्था गरिएको छ । ती सदस्यले मतदान गर्न पाउने तर उम्मेदवार बन्न भने पाउने छैनन् ।

पार्टीले कात्तिक २६ गतेभित्र सक्रिय सदस्यको नामावली जिल्लामा पठाउने र सातवटै प्रदेशसभाबाट प्रदेश कार्यसमितिको निर्वाचन कात्तिक २८ गते गर्न उक्त समितिलाई निर्देशन दिएको छ । सक्रिय सदस्यको दाबी विरोध यही कात्तिक २७ देखि २९ गतेसम्म गर्न समयसीमा तोकिएको छ । सक्रिय सदस्यबाट महाधिवेशन प्रतिनिधिको निर्वाचन आगामी मङ्सिर १ देखि ३ गते गर्ने, जिल्ला कार्यसमितिसँग समन्वय गरी प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिले निर्वाचनका लागि आवश्यक व्यवस्थापन गर्ने कार्यसूची तय गरेको छ ।

पार्टीले महाधिवेशनको तयारीका लागि विभिन्न नौ समिति गठन गरी सम्बन्धित नेतालाई जिम्मेवारी तोकेको छ । गठन गरिएका समितिमा सामाजिक कार्यपत्र तयारी समिति, आर्थिक कार्यपत्र तयारी समिति, राजनीतिक कार्यपत्र तयारी समिति, कार्यक्रम तथा व्यवस्थापन समिति, भोजन व्यवस्था समिति, स्वास्थ्य समिति, प्रचारप्रसार समिति, स्वागत समिति र स्वयंसेवक परिचालन समिति छन् ।

सक्रिय सदस्यको नामावली पार्टीको वेबसाइट तथा जिल्ला पार्टी कार्यालयमा राखी सार्वजनिक गर्नुपर्ने छ भने अन्तिम नामावली ३० गते प्रकाशन गर्न निर्वाचन समितिलाई जिम्मेवारी दिइएको छ ।

# थप एक सय ४३ जनामा संक्रमण

**दैनिक समाचारदाता**
**राजविराज, २१ कात्तिक ।**

पछिल्लो २४ घण्टामा थप १ सय ४३ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ ।

एक हजार ९सय ८० जनाको पीसीआर परीक्षण गर्दा १ सय ४१ जना र ३ सय ५३ जनाको एन्टिजेन परीक्षण गर्दा २ जना गरी १४३ जनामा कोरोना भाइरसको संक्रमण देखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

यस्तै पछिल्लो २४ घण्टामा कोरोना संक्रमणबाट ९ जनाको मृत्यु भएको छ भने ५६३ जना निको भएका छन् ।

मंगलबार थपिएसँगै नेपालमा कोरोना संक्रमितको कुल संख्या ९ लाख ९ हजार ३७५ पुगेको छ । योसँगै नेपाल मृत्यु हुनेको संख्या ११ हजार ४४८ पुगेको छ भने ७ लाख ९५ हजार ३९७ जना संक्रमणमुक्त भएका छन् ।

मन्त्रालयका अनुसार हाल देशभर सक्रिय संक्रमितको संख्या ७ हजार ७१३ जना रहेका छन् । जसमध्ये ७ हजार १२४ जना होम आइसोलेसनमा रहेका छन् भने ५८९ जना संस्थागत आइसोलेसनमा रहेका छन् । कोरोनाका बिरामीमध्ये १९७ जना आईसीयू र ४९ जना भेन्टिलेटरमा उपचाररत छन् ।

यस्तै १० वर्ष मुनिका ५ बालबालिकामा कोरोना संक्रमण पुष्टि भएको छ भने ११ देखि २० वर्ष उमेर समूहका ७ जना कोरोना संक्रमित थपिएका छन् ।

स्वास्थ्य मन्त्रालयका अनुसार सबैभन्दा धेरै काठमाडौंमा ५३, भक्तपुरमा १२, रुपन्देहीमा १०, ललितपुरमा ९, सुनसरीमा ६, धनुषा र बाँकेमा ४र४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

# गौतमबुद्ध विमानस्थलमा एरो थाईले क्यालिब्रेसन फ्लाइट गर्ने

काठमाडौँ, २१ कात्तिक (रासस)।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको यान्त्रिक परीक्षण उडान (क्यालिब्रेसन फ्लाइट) गर्न थाइल्याण्डको एरो थाईले अनुमति पाएको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले पूर्व सम्झौता अनुरुप एरो थाईलाई क्लालिब्रेशन फ्लाइट गर्न अनुमति दिएको हो।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको भैरहवा (रुपन्देही) मा निर्माण गरिएको गौतमबुद्ध विमानस्थल क्यालिब्रेशन फ्लाइटका लागि तयारी अवस्थामा छ। क्यालिब्रेसन फ्लाइट भनेको विमानस्थलमा विमान उडान र अवतरणका साथै अन्य कार्य निर्देशित गर्न धावनमार्ग, टावरलगायतका क्षेत्रमा जडान भएका उपकरणले काम गरेका छन् या छैनन् भनेर परीक्षण गर्ने प्रक्रिया हो। यसका लागि जहाज नै ल्याएर उडान अवतरण गर्नुपर्छ।

एरो थाइले क्लालिब्रेसन फ्लाईट गर्ने अनुमति पाएसँगै परीक्षण उडानको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको प्राधिकरणका महानिर्देशक राजकुमार क्षेत्रीले जानकारी दिनुभयो। उहाँका अनुसार अबको एकमहिनाभित्रै परीक्षण उडान हुनेछ। त्यसबीचमा प्राधिकरणले आन्तरिक तयारी गर्नेछ। एरो थाई थाइल्याण्डको प्रतिष्ठित हवाई कम्पनी हो। थाई एयरवेजका लागि एटिसिलगायत प्राविधिक जनशक्ति एरो थाइले उपलब्ध गराउने गरेको बताइन्छ। आगामी नोभेम्बर २२ तारिखमा एरो थाईले प्राविधिक जनशिक्तसहित नेपालमा जहाज ल्याएर प्रक्रिया पुरा गरी क्लालिब्रेसन फ्लाइट गर्ने प्राधिकरणले जनाएको छ। यो काम एकसाता अवधिको हुनेछ।

कोभिडा-१९ महामारीका कारण अघिल्लो वर्ष नै उद्घाटन गर्ने भनिएको उक्त आयोजना केही बिलम्ब भएको थियो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको निर्देशनबमोजिम प्राधिकरणले क्लालिब्रसन फ्लाइटको टुङ्गो लगाएको हो।

महानिर्देशक क्षेत्रीले भूकम्प, नाकाबन्दी तथा ठेकेदारले बेलैमा पैसाको जोहो र निर्माण सामग्री गर्न नसक्नुले पनि आयोजना सम्पन्नमा ढिलाइ भएको छ। स्थानीय तहसँगको समन्वय गर्न नसक्नु तथा पछिल्लो कोभिड-१९ महामारीका कारण आयोजना प्रभावित बन्यो। क्यालिब्रेसन फ्लाइट विदेशीलाई पैसा तिरे पनि गुहार्नुपर्ने कारणले पनि आयोजना ढिलो भएको उहाँले बताउनुभयो। महाप्रबन्धक क्षेत्रीले भन्नुभयो, "गौतमबुद्ध विमानस्थलको प्राविधिक प्रक्रिया लगभग पूरा गरिसकेका छौँ, तुरुन्त गर्नुपर्ने केलिब्रेसन फ्लाइट, अबको एक महिनाभित्रै सक्छौँ, त्यसको तीन महिनाभित्र परीक्षण उठान गरी अर्को पाँच महिनाभित्र व्यावसायिकरुपमा सञ्चालनमा ल्याउने योजना छ।"

परीक्षण उडान गरेपछि अन्तर्राष्ट्रिय वायुसेवालाई नियमित उडानका लागि आह्वान गरिने उहाँको भनाइ छ। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अबको पाँच महिनामा अन्तर्राष्ट्रिय उडान हुने जनाइएको छ। विमानस्थलको टेक्निकल स्टाटस (प्राविधिक स्थिती) को काम लगभग सकिसकेकाले अबको पाँच महिनामा अन्तर्राष्ट्रिय उडान हुने महानिर्देशक क्षेत्रीले बताउनुभयो।

गौतमबुद्ध विमानस्थल अङ्ग्रेजी वर्ष सन् २०२१ को सुरूआतबाट सञ्चालनमा ल्याइने जनाइएको थियो। सन् २०१७ डिसेम्बरभित्र निर्माण सक्नेगरी सन् २०१५ को सुरूमा थालनी भएको विमानस्थलको काम बीचमा ठेकेदार कम्पनीको लापरवाहीले अवरोध भएको थियो। पछि थपिएको दुई वर्षको अवधिमा आयोजनाको काम उल्लेख्यरूपमा प्रगति भयो।

पछिल्लो पटक सन् २०२० को मार्च महिनासम्मका लागि विमानस्थलको निर्माण अवधि थपिएको थियो। प्राविधिक कारण ढिलाइ भएको उक्त आयोजनालाई कोरोनाको सन्त्रासले थप विलम्ब बनाएको हो। विमानस्थल चिनियाँ निर्माण कम्पनी नर्थवेस्ट सिभिल एभिएसन कन्स्ट्रक्सन ग्रुपले निर्माण गरेको हो। एशियाली विकास बैंकको सहुलियतपूर्ण ऋणमा निर्माण भएको उक्त आयोजनाका लागि दुवै चरणमा गरी रु सात अर्ब ३२ करोड हाराहारी खर्च हुने प्राधिकरणले जनाएको छ।

कुल ४५ मिटर चौडाइ र तीन हजार मिटर लामो धावनमार्गको यो विमानस्थललाई व्यावसायिक सञ्चालनमा आउँदा हालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको चाप न्यूनीकरण हुने विश्वास लिइएको छ। प्राधिकरणका अनुसार हाल ८० प्रतिशत भौतिक प्रगति सकिएको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल पनि अबको छ महिनामा परीक्षण उडान हुने गरी तयारी भइरहेको जानकारी दिँदै एक वर्षभित्र अन्तर्राष्ट्रिय उडान सञ्चालन गरिने बताउनुभयो।

त्रिभूवन अन्तर्राष्ट्रिय

*बाँकी अन्तिम पृष्ठमा*


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५


## विश्व समाचार

### इन्धन बोकेको टयाङ्कर दुर्घटनामा १०८ मृत्यु, ९२ जना जलेर घाइते

फ्रिटाउन, २१ कात्तिक (रासस/सिन्ह्वा)।

सियरा लिओनको एक राजमार्गमा इन्धन बोकेको एक टयाङ्कर दुर्घटनामा पर्दा भएको आगलागीमा कम्तीमा पनि १०८ जनाको निधन भएको छ।

सो दुर्घटनामा परेर अरु ९२ जना जलेर घाइते भएका बताइएको छ। यसमा परेर घाइते भएकामध्ये अधिकाङ्शको अवस्था गम्भीर रहेको छ। उनीहरुको शरीर जलेको बताइएको छ।

सियरा लियोनको राजधानी फ्रिटाउनमा शुक्रबार साँझतिर भएको दुर्घटनामा परी ज्यान जानेको सङ्ख्या १०८ पुगेको यहाँका अधिकारीले शनिबार जनाएका छन्।

शनिबार रातिसम्ममा १०८ जनाको मृत्यु भएको उपराष्ट्रपतिले नै पुष्टि गर्नुभएको छ। यहाँका उपराष्ट्रपति मोहम्मद जुल्डेह जाल्लोहले अस्पतालमा अरु करिब ९० जनाको उपचार भइरहेको पनि जानकारी दिनुभयो।

उपचार भइरहेकामध्ये अधिकांशको शरीरका धेरै भाग जलेका छन्। उद्धारकर्ता र अस्पतालमा उपचार गराइरहेका स्वास्थ्यकर्मीले पनि १०८ जनाको मृत्यु भइसकेको र अरु ९२ जनाको उपचार भइरहेको बताएका छन्।

यहाँका चिकित्सकले दिएको जानकारीमा घाइते हुनेमा महिला र बालबालिका पनि रहेका छन्। तीमध्ये कतिपय दुर्घटनास्थलका स्थानीय छन् भने अरु केही सडकमा यात्रा गरिरहेका व्यक्ति पनि परेका छन्।

इन्धन बोकेको टयाङ्कर अर्को एउटा सवारी साधनसँग ठोक्किएपछि इन्धन पोखिएको थियो। पोखिएको सो इन्धन उठाएर लिने क्रममा यहाँका स्थानीय व्यक्तिबीच निकै भीडभाड भएको थियो।

त्यस्तै यी दुई सवारी साधन ठोक्किएपछि त्यस समयमा सडकमा पनि मानिस हिँडेका र केही भने आफ्नै सवारी साधनमा रहेका थिए। उनीहरु पनि सो दुर्घटनामा परेका थिए।

उनीहरुलाई नै पछि आगोले छोएको थियो। आगलागी भएको र ठूलो मानवीय क्षति भएको प्रत्यक्षदर्शीले बताएका छन्। दुर्घटनालगत्तै घटनास्थलमा धेरै मानिस जलिरहेको देखिएको थियो भनेका छन्।

घाइते र मृतकमध्ये धेरै दुर्घटनाका बेला घटनास्थलमा रहेका मोटरसाइकल चालक, पैदलयात्री, सडकका व्यापारीलगायत रहेको पनि उनीहरुले जनाएका छन्।

इन्धन पोखिएको र त्यसपछि सोही इन्धनमा आगो सल्किएकाले आगोले नजिक रहेका मानिस र सवारी साधन जलेका थिए।

यहाँका राष्ट्रपति जुलियस मादा बायोले देशमा निकै ठूलो मानवीय क्षति भएको बताउनुभएको छ। यस दुर्घटनाले आफूलाई अति दुखित बनाएको उहाँले बताउनुभएको छ।

यहाँका प्रहरी अधिकारीले १०८ जनाको शव शवगृहमा राखिएको बताएका छन्। ती सबै शव जलेको अवस्थामा छन्।

### नयाँ दिल्ली र उत्तर प्रदेशमा जिका भाइरसको संक्रमण बढेपछि सतर्कता

नयाँदिल्ली, २१ कात्तिक (रासस/सिन्ह्वा)।

भारतको राजधानी नयाँ दिल्ली र उत्तर प्रदेशमा जिका भाइरसको सङ्क्रमण बढेपछि यहाँ सतर्कता अपनाइएको अधिकारीले जनाएका छन्।

भारतका स्वास्थ्य अधिकारीले यहाँ केही समयअघिदेखि जिका भाइरसका किटाणु बढ्दो अवस्थामा देखिएको बताएका छन्।

उनीहरुका अनुसार शनिबार मात्र उत्तर प्रदेशमा ४३ जनामा यो भाइरस देखिएको थियो। उत्तर प्रदेश राज्यमा पछिल्लो समयमा यो भाइरसको प्रकोप देखिएको बताइएको छ।

उत्तर प्रदेश राज्यका सरकारी स्वास्थ्य अधिकारीले गएको दुई हप्तामा यहाँ ७९ जनामा यो भाइरस देखिएको छ।

दिल्लीका उपमुख्यमन्त्री मनिस सिसोडियाले नयाँ दिल्लीमा पनि पो भाइरसको सङ्क्रमण बढ्दो देखिएको र यसका लागि सरकारले निकै सतर्कता अपनाएको बताउनुभयो।

उहाँले यहाँका सबै सरकारी अस्पतालमा यो भाइरसका सङ्क्रमितको उपचारको व्यवस्था गरिएको बताउनुभयो।

### निर्माणाधीन भवन भत्किँदा ४२ जनाको मृत्यु

लागोस, २१ कात्तिक (रासस/सिन्ह्वा)।

नाइजेरियाको लागोसमा निर्माणाधीन अवस्थाको एक भवन भत्किँदा त्यसमा परेर कम्तीमा पनि ४२ जनाको ज्यान गएको छ।

नाइजेरियाको सबैभन्दा ठूलो तथा आर्थिक केन्द्र मानिएको यस नगरमा भएको यस दुर्घटनामा परेर ४२ जनाको ज्यान गएको र अरु केही अझै पनि भवनको भग्नावशेषमा परेका बताइएको छ।

यहाँका उद्धारकर्मीले सो भवन भत्किँदा के कतिजना नागरिक पुरिएका या च्यापिएका छन् भन्ने बारेमा केही बताएका छैनन्।

शुक्रबार राति भएको सो दुर्घटनाका १५ जनालाई भने जिवीतै उद्धार गरिएको थियो। सो भवनमा कतिजना पुरिएका छन् भन्ने स्पष्ट नभए पनि यहाँका उद्धार अधिकारीले करिब ४९ जनाका आफन्तले आफ्ना सदस्य हराएका बताएका जनाएका छन्।

# ८६ हजारमा कलम बिक्रि



**दैनिक समाचारदाता**
**राजविराज, २१ कात्तिक ।**

चित्रगुप्त सेवा समिति सप्तरीद्वारा भगवान चित्रगुप्तको हातमा राखिएको कलम यस वर्ष ८६ हजार ६ सय ६६ रुँपैयामा बिक्रि भएको छ ।

राजविराजस्थित चित्रगुप्त मन्दिरमा शनिबार साँझ आयोजित एक कार्यक्रममा राजविराज २ निवासी कृष्णदेव दत्तले उक्त रकमको बोली लगाएर कलम खरीद गरेका हुन् ।

डाकबढाबढ गरि सर्वाधिक रकमको बोलि लगाउने व्यक्तिलाई उक्त कलम बिक्रि गर्ने र सो रकम शिक्षा, स्वास्थ्य र समाजसेवा लगायतका क्षेत्रमा खर्चिने गरिएको समितिका अध्यक्ष अशोक कर्णले बताए ।

महासचिव सतिश दत्तका अनुसार भाइटिकाका दिन मनाइने यस पूजामा कायस्थ समुदायले आफ्ना वंश पिता भगवान चित्रगुप्त र कलमको एकै साथ पूजा गर्ने गर्छन् । उनले कलम खरीद गर्ने प्रतिस्पर्धा समितिले विगत ४२ वर्षदेखी गर्दै आएको जनाए ।

सोही अवसरमा सो समुदायका ९ जना छात्रछात्रालाई वर्षेणी चित्रगुप्त छात्रबृति रकम समेत प्रदान गर्ने गरिएको छ । यसपटक छात्रतर्फ राहुल दत्त तथा छात्रातर्फ महिमा कर्ण, भूमिका कर्ण, प्रियांशु चौधरी, नेहा कर्ण, पल्लवी कर्ण, अर्चना कर्ण र प्रिया कर्णलाई चित्रगुप्त छात्रबृत्ति प्रदान गरिएको छ ।

### *महादेव मन्दिर...*

उक्त सर्पलाई ब्यवस्थापन गर्न जिल्ला बन कार्यालयले तयारी गरेको छ । विदा परेकाले सोमवार कार्यालय खुल्ना साथ कोशी टप्पु वन्यजन्तु आरक्ष प्रशासनको सहयोगमा उक्त सर्पको उद्धार गरी ब्यवस्थापन गर्ने तयारी रहेको डिभिजन वन कार्यालय राजविराजका प्रमुख सन्तोष झाले बताए ।

# उबा संघ सप्तरीको नेतृत्वका लागि तीन जनाको उम्मेदवारी घोषणा



**दैनिक समाचारदाता**
**राजविराज, २१ कात्तिक ।**

उद्योग बाणिज्य संघ सप्तरीको नयाँ नेतृत्वका लागि आउँदो मंसिर ४ गते निर्वाचन हुने भएको छ । नयाँ नेतृत्वका लागि शुभकामना आदान प्रदान कार्यक्रम मार्फत उम्मेदबारहरुले धमाधम आफ्नो उम्मेदवारी घोषणा गर्दैछन् ।

संघका उपाध्यक्ष शंकर दासले आइतबार सोही कार्यक्रम मार्फत अध्यक्ष पदमा उम्मेदवारी दिने घोषणा गरेका छन् । केही दिन अघि मात्र तिहार र छठ पर्वको अवसर पारेर यस्तै कार्यक्रम मार्फत उद्योगि लालुप्रसाद अग्रवालले पनि अध्यक्ष पदमा उम्मेदवारी घोषणा गरिसकेका छन् । यसअघि संघका पूर्वअध्यक्ष मनोज मुन्धडाले पनि अध्यक्षमा उम्मेदवारी दिने घोषणा गरिसकेका छन् ।

छठको अवसर पारेर आयोजना गरिएको चियापान तथा शुभकामना आदान प्रदान कार्यक्रममा आफ्नो उम्मेदवारी घोषणा गर्दै उपाध्यक्ष दासले लामो समयदेखी उपाध्यक्ष बनेर संघको व्यवस्थापनको अनुभव रहेकोले सोही अनुभवलाई व्यवसायीको पेशागत हकहित र सुरक्षामा अझ सशक्त रुपमा प्रयोग गर्न उम्मेदवार घोषणा गरेको बताए ।

उनले आफूले नेतृत्वको जिम्मा पाए सदैब ब्यवसायीको पेशागत हकहित र संघको मर्यादाका लागि काम गर्ने बताउँदै आफ्नो मिशन सप्तरीको समग्र विकास पनि हुने प्रतिबद्धता जनाउदै सहयोगका लागि आग्रह गरे ।

यता अध्यक्षसहित १४ पदका लागि हुने निर्वाचनको आवश्यक तयारी अन्तिम चरणमा पुगेको वर्तमान अध्यक्ष अरुण प्रधानले बताए । उनले नयाँ नेतृत्वका लागि आफूले सहमतिमै चयन गर्ने प्रयास गरिरहे पनि अहिलेसम्म सफलता नमिलेको बताए ।

### *गौतमबुद्ध ...*

विमानस्थलमा रु २०० हजार पीसीआर शुल्क लिएको पाइएपछि पर्यटनमन्त्रीले विमानस्थलको छड्के निरीक्षण गर्दै शुल्क घटाउन निर्देशन दिनुभएको थियो । सोहीअनुरुप विमानस्थलमा पीसीआर परीक्षण गर्दा लाग्ने शुल्क दुई हजारबाट एक हजार २०० कायम गरिएको महानिर्देशक क्षेत्रीले बताउनुभयो । आन्तरिक विमानस्थलको सुदृढीकरण गर्दै आवश्यकताका आधारमा विमानस्थल सञ्चालन गर्न तथा धनगढीलगायत विमानस्थलको स्तरोन्नतिको काम पनि सुरु भइसकेको प्राधिकरणले जनाएको छ ।

# सूचना । सूचना ॥ सूचना ॥।

यस सप्तरी उद्योग बाणिज्य संघ, सप्तरी शाखाको एघारौं शाखा अधिवेशन तथा साधारण सभाबाट गठन हुने नयाँ कार्य समितिको लागि मिति २०७८।८।४ गते सम्पन्न हुने निर्वाचन तपसिलका कार्यक्रम अनुसार हुने सम्बन्धित सबैमा यसै सुचना द्वारा जानकारी गराइएको ब्यहोरा अनुरोध गरिन्छ ।

**तपसिल**

| क.सं. | मिति | कार्यक्रम | समय |
|---|---|---|---|
| १. | २०७८।७।२२ | मतदाता नामावली प्रकाशन | दिनको ११ बजे |
| २. | २०७८।७।२३ | मतदाता नामावली उपर दावी विरोध | दिनको ११ बजेदेखि ३ बजेसम्म |
| ३. | २०७८।७।२३ | अन्तिम मतदाता नामावली प्रकाशन | बेलुकी ५ बजे |
| ४. | २०७८।७।२६ | उम्मेदवारी दर्ता | दिनको १० बजेदेखि ४ बजेसम्म |
| ५. | २०७८।७।२६ | उम्मेदवारको नामावली प्रकाशन | दिनको ५ बजे |
| ६. | २०७८।७।२८ | उम्मेदवारको नामावली उपर दावी विरोध | दिनको ११ बजेदेखि ३ बजेसम्म |
| ७. | २०७८।७।२८ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | दिनको ४ बजे |
| ८. | २०७८।७।२९ र ३० | उम्मेदवारको नाम फिर्ता | दिनको ११ बजेदेखि ३ बजेसम्म |
| ९. | २०७८।७।३० | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | दिनको ४ बजे |
| १०. | २०७८।८।४ | मतदान (स्थल-के.अ.मा.बि.) | दिनको १० बजेदेखि ४ बजेसम्म |

११. **निर्वाचन हुने पदहरुको बिवरण निम्न बमोजिम रहेको छ ।**
(क) अध्यक्ष-१ (एक) जना
(ख) उधोग उपाध्यक्ष-१ (एक) जना
(ग) बाणिज्य उपाध्यक्ष-१ जना (एक) जना
(घ) महासचिव-१ (एक) जना
(ङ) सचिव-१ (एक) जना
(च) कोषाध्यक्ष-१ (एक) जना
(छ) सह-कोषाध्यक्ष-१ (एक) जना
(ज) सदस्य-६ (छ) जना
(झ) महिला सदस्य-१ (एक) जना

१२. प्रमाणित मतदाता नामावली लिन चाहने ईच्छुकले सप्तरी उधोग वाणिज्य संघको कार्यालयमा रु.४००।-(चार सय) जम्मा गरी लिनु पर्ने गरी ब्यवस्था मिलाइएको छ ।

१३. निर्वाचनमा सहभागी हुने मतदाता वा उम्मेदवारले नेपाल सरकारबाट जारी गरिएको आफ्नो परिचय स्पष्ट खुल्ने वा देखिने प्रमाणहरु (फर्म दर्ता प्रमाण-पत्र, भ्याट वा प्यानको प्रमाणपत्र वा नागरिकता प्रमाण-पत्र) अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्ने छ ।

१४. मतदान बाहेक निर्वाचनको सम्पूर्ण कार्यक्रम सप्तरी उधोग वाणिज्य संघको कार्यालयमा नै हुने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदछौं ।

**राम कुमार यादव**
**संयोजक**
**निर्वाचन समिति**
**उधोग वाणिज्य संघ, सप्तरी**

राष्ट्रिय जनगणना २०७८ किन ?

- सरकारी सेवा सुविधामा पहुँच र गरिबी निवारण कार्यक्रम तर्जुमा गर्न,
- विपद् जोखिमको योजना बनाउन,
- विविधतामा एकता कायम गर्न,
- लैगिक तथा सामाजिक समावेशीकरणको अवस्थाबारे जान्न,
- बैवाहिक अवस्था पत्ता लगाउन,
- प्रजनन, सुरक्षित गर्भावस्था, शिशु मृत्युदर र मातृ मृत्युदरको अवस्था थाहा पाउन,
- अपांगता भएका व्यक्तिको अवस्था जान्न,

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*